मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

**गणतन्त्र दिवस २०८० को शुभकामना सन्देश**



१६ औँ गणतन्त्र दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति र समृद्धिको शुभकामना ब्यक्त गर्दछु । मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न आफ्नो जिवन उत्सर्ग गर्नुहुने अमर सहिदहरुप्रति हार्द्धिक श्रद्धान्जली अर्पण गर्दछु । मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापित गर्न विभिन्न कालखण्डमा भएको आन्दोलनमा बेपत्ता, घाईते, अपाङ्गता हुनुभएका नागरिकको स्वास्थ्य लाभको कामना सहित योगदानको उच्च सम्मान ब्यक्त गर्दछु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको ऐतिहासिक दिनको सम्झनास्वरुप प्रत्येक वर्ष जेठ १५ गतेलाई हामीले गणतन्त्र दिवसको रुपमा मनाउँदै आएको व्यहोरा सर्वविदितै छ । जनताको जिवनमा सार्थक र सकारात्मक परिर्वतन ल्याई नेपाललाई सबल, आत्मनिर्भर साथै समाजवाद उन्मुख अर्थतन्त्र सहितको विकसित राष्ट्रका रुपमा अघि बढाउनु गणतन्त्रको वास्तविक कार्यभार हो ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्न हाम्रो संविधानले परिकल्पना गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहको सरकार छ । हरेक तहका सरकारको जनताप्रति आ–आफ्नो उत्तरदायित्वहरु छन् । लोकतन्त्रले ल्याएको यो सुन्दर व्यवस्थालाई जनमैत्री र अझै मजवुत बनाउन गण्डकी प्रदेश सरकार दृढ संकल्पका साथ अघि बढिरहेको छ । यो संवैधानिक व्यवस्थाको अवधारणा संस्थागत गर्न सहयोग पुग्ने गरी प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रम, योजना र बजेट व्यवस्था गरेको छ ।

नेपालको संविधानले मौलिक हकका रुपमा व्यवस्था गरेका शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, सरसफाई, खानेपानी, पर्यावरण लगायत आधारभूत अधिकारलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न गणतन्त्र दिवसले हामी सबैलाई उत्साह प्रदान गर्ने विश्वास मैले लिएको छु । सबै जाति, भाषा, धर्म र समुदायको सुदृढ राष्ट्रिय एकताको बलमा मुलुकलाई सामाजिक, आर्थिक समृद्धिको दिशामा लैजानु आजको राष्ट्रिय आवश्यकता हो ।

आजको यस ऐतिहासिक दिवसले मुलुकको भौगोलिक अखण्डता, राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय एकतालाई अझ सुदृढ गर्न सबैलाई प्रेरणा मिल्नेछ भन्ने विश्वास सहित हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

**मितिः २०८० जेठ १५ गते**

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री